Rupantaran : A Multidisciplinary Journal
Vol. V : pp 138-149, September, 2021
ISSN (Print) : 2091-0061, ISSN (Online) : 2738-9960
https://doi.org/10.3126/rupantaran.v5i01.39877
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# सूक्ष्म शिक्षणको परिचय, विशेषता, चरणहरू र फाइदा–बेफाइदा

मानबहादुर भण्डारी[1]
इमेलः *mb.bhandari1971@gmail.com*

## सार

*सूक्ष्म शिक्षण भनेको पूव-आभ्यासिक शिक्षण हो जुन वास्तविक कक्षा शिक्षणभन्दा पहिले गरिन्छ । वास्तविक कक्षा शिक्षणमा आवश्यक हुने सीप हाँसिल गर्न-गराउनका निमित्त सूक्ष्म शिक्षण उपयोगी उपाय मानिन्छ । यो छोटो समयमा धेरै तालिम प्राप्त शिक्षकहरू उत्पादन गर्न अपनाइएको शिक्षक तालिमको नयाँ अवधारणा हो । शिक्षाशास्त्रीय दृष्टिले कुनै विषय शिक्षक, प्रशिक्षण वा तालिमका क्रममा प्रशिक्षार्थीहरूलाई वास्तविक कक्षा शिक्षणभन्दा अगाडि सिपालु बनाउन अनिवार्य रूपमा सूक्ष्म शिक्षणमा सहभागी गराइन्छ । नेपालका सन्दर्भमा शिक्षाशास्त्र सङ्कायका उच्च माध्यमिक शिक्षा, स्नातक र स्नातकोत्तर शिक्षाका क्रममा र शिक्षक प्रशिक्षक तालिमका कार्यक्रममा सूक्ष्म शिक्षण कार्यक्रम समावेश गरिएको पाइन्छ । कुनै प्रशिक्षार्थीलाई आवधिक वा पूर्णावधिक शिक्षणमा जानु पूर्व सिपालु बनाएर पठाउनका लागि सूक्ष्म शिक्षण कार्यक्रम सञ्चालन गरिन्छ । यसले प्रशिक्षार्थीहरूमा सीपको दक्षता र मनोबल दुवैको विकास भई शिक्षण कार्यलाई उद्देश्यमुखी, सार्थक र प्रभावकारी बनाउने आधार निर्माण गर्छ । प्रशिक्षार्थीलाई आफ्नो पेसामा सचेत र जागरुक बन्ने प्रेरणा मिल्छ । यसले दक्ष र निपुण शिक्षक उत्पादन गर्न पुनर्बल गर्दछ । वास्तविक शिक्षण, छोट्याइएको शिक्षण, व्यक्तिगत सीप विकासको उपाय, तुरुन्त पृष्ठपोषण प्राप्त हुने, कुशल शिक्षक उत्पादन गर्ने उपाय, नियन्त्रित र नियमशासित शिक्षण, सीपमुखी, उपचारात्मक शिक्षण आदि सूक्ष्म शिक्षणका विशेषताहरू हुन् । सूक्ष्म शिक्षणलाई सीप परिचय, सीप प्रदर्शन, पाठयोजना निर्माण, पाठ शिक्षण, पृष्ठपोषण, पुनर्योजना, पुनर्शिक्षण र पुनर्पृष्ठपोषण प्रदानको चरणमा शिक्षण गर्नु पर्दछ । सूक्ष्म शिक्षणबाट प्रशिक्षार्थीमा आफ्ना शिक्षण दुर्बलता हटाउन, आपसमा सीपको आदानप्रदान गर्न, आत्माविश्वासिलो बन्न, शिक्षण उद्देश्य, विधि, सामग्री आदिको निर्माण, छनोट र प्रयोग सम्बन्धी ज्ञान सीपको विकास गर्ने जस्ता महत्त्वपूर्ण सहयोग प्राप्त हुन्छ ।*

**मुख्यशब्दावली :** सूक्ष्म, शिक्षण, विशेषता, चरण, महत्त्व, सीमा

## परिचय

शिक्षक तालिमका नवप्रवर्तनीय पक्षहरू मध्ये लघु शिक्षण एक मान्न सकिन्छ । यसलाई कतिपयले शिक्षण नै माने पनि यसको सही अर्थ भने बेग्लै छ । प्रशिक्षणको क्रममा शिक्षकलाई विभिन्न शिक्षण सीपको बारेमा जानकारी हुनु आवश्यक हुन्छ । सबै शिक्षकलाई उही नै सीप आवश्यक पर्छ भन्ने छैन । व्यक्तिको आवश्यकता हेरी यो फरकफरक हुन सक्छ । शिक्षणमा आवश्यक पर्ने केही सीपहरू निम्न अनुसारका हुनसक्छन् :

१. लेखक धनकुटा बहुमुखी क्याम्पस धनकुटामा नेपाली शिक्षा विषयको उपप्राध्यापक हुनुहुन्छ ।

विशिष्ट उद्देश्य लेखन, पाठको प्रस्तुति, प्रश्न सोध्ने तरिका, प्रश्न प्रष्ट्याउने सीप, धाराणा व्याख्या, उदाहरणको उपयुक्तता, उद्दीपक विचलन, निशब्द सञ्चार, पुनर्बलका उपायहरू, विद्यार्थी सहभागिता, सेतोपाटीको, प्रयोग, पाठको मूल्याङ्कन गर्ने, पाठको प्रारम्भ, शिक्षण सामग्रीको छनोट र प्रयोग, उत्तेजक भिन्नता, पृष्ठपोषण, पाठ समापन, विषयवस्तुको सङ्गठन, पुनर्बल, शिक्षार्थीहरूका समस्याहरू बुझ्ने, प्रश्न बनाउने, कमीकमजोरी हटाउने आदि ।

यी र यस्ता थुप्रै सीपहरू शिक्षण तालिमका बेला प्रशिक्षार्थीहरूमा विकास गर्न खोजिन्छ । जबसम्म यस्ता सीपहरू एकएक गरी प्रशिक्षार्थीले अभ्यास गर्ने मौका पाउँदैनन् तबसम्म पूर्ण शिक्षणको अपेक्षा पनि गर्न सकिदैन । यिनै सीपहरूलाई एक पटकमा एउटा अभ्यास गरी पूर्णता दिनु नै लघु शिक्षणको मुख्य उद्देश्य हो । यसरी अभ्यास पूर्ण भए पछि मात्र धेरै विद्यार्थी सङ्ख्या भएको कक्षामा प्रवेश गर्दा शिक्षक निर्धक्क भएर पढाउन सक्छ । उदाहरणको लागि जसरी एउटा व्यक्तिले कम मोटर चल्ने बाटोमा, कम खतरायुक्त स्थानमा ड्राइभिङ् अभ्यास गर्दछ र लाइसेन्स पाएपछि मात्र ठूला र व्यस्त सडकहरूमा मोटर कुदाउन सक्षम हुन्छ त्यसरी नै लघु शिक्षणको अभ्यासबाट मात्र बृहत् समूहमा शिक्षण गर्न शिक्षकलाई बल मिल्दछ (ढकाल, २०५४ : ६) ।

## लघु शिक्षणका विशेषताहरू

- लघु शिक्षणमा ५ देखि १० जनासम्म विद्यार्थी वा आफ्नै साथीहरू राखेर अभ्यास गरिन्छ ।
- लघु शिक्षण ५ देखि १० मिनेटसम्मको मात्र हुन्छ, जसमा प्रशिक्षार्थीले आवश्यक हुने एउटा सीपको मात्र अभ्यास गर्छन् ।
- लघु शिक्षण गर्नु अघि प्रशिक्षकले एउटा नमुना पाठ प्रदर्शन गर्दछ ।
- प्रशिक्षार्थीले त्यही नमुना अनुसार आफ्नो लघु शिक्षणको योजना गर्दछ ।
- प्रशिक्षार्थीले आफ्नो योजना अनुसार सीपको अभ्यास गर्दछ ।
- सीपको अभ्यास गर्दा सम्भव भएका ठाउँमा भिडियोबाट र नभएका ठाउँमा प्रशिक्षक (सुपरिवेक्षक) पछाडि बसी निरीक्षण गर्ने काम हुन्छ ।
- लघु शिक्षण सकिएपछि भिडियो हेरेर वा प्रक्षिकसँग छलफल गरेर आफ्नो कम्जोरी पत्ता लगाउन प्रशिक्षार्थीलाई मद्दत पुग्दछ ।
- कमीकमजोरी सुधार्न पुनः योजना र पुनः सीप अभ्यास गरिन्छ ।
- यो क्रम सीप प्राप्त नभएसम्म जारी रहन्छ ।
- एउटा सीपको प्राप्ति पश्चात् उही प्रक्रियाद्वारा अर्को सीपको अभ्यास सुरु हुन्छ । (ढकाल, २०५४ : ६)

## अध्ययनको पृष्ठभूमि

राणा प्रधानमन्त्री पद्मशम्शेरले आधार शिक्षक प्रशिक्षक केन्द्रको रूपमा २००४ सालमा सुरु गरेको शिक्षक तालिम कार्यक्रम समयक्रममा नर्मल स्कुल, कलेज अफ एजुकेशन, प्राथमिक शिक्षण प्रशिक्षण केन्द्र, राष्ट्रिय व्यावसायिक प्रशिक्षण केन्द्र, भाषा तालिम केन्द्र, त्रिभुवन विश्वविद्यालय अन्तर्गतको शिक्षाशास्त्र अध्ययन संस्थानदेखि सङ्कायसम्म र शिक्षामन्त्रालय अन्तर्गतका विभिन्न अल्पकालीन तथा दीर्घकालीन परियोजनाहरू मार्फत् सञ्चालन हुँदै वर्तमानसम्म आइपुगेको छ (बिडारी, २०५८ : २५) । सोही क्रममा विभिन्न परियोजनाहरू मार्फत शिक्षामन्त्रालयद्वारा सञ्चालित तथा व्यवस्थापन गरिएका अल्पकालीन अवधिका तालिम कार्यक्रमहरूलाई

शिक्षक तालिम र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतका विभिन्न क्याम्पसहरूबाट सञ्चालित उपाधिमूलक कार्यक्रमहरूलाई शिक्षक शिक्षाको रूपमा वर्गीकृत गरिएको छ । शिक्षक तालिम तथा शिक्षक शिक्षा दुवै कार्यक्रमहरूमा अभ्यास शिक्षण कार्यक्रमलाई आधारभूत प्रायोगिक पाठ्यांशको रूपमा ग्रहण गरी अनिवार्यसमेत बनाएको छ ( बिडारी, २०५८ : २५) ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र सङ्कायअन्तर्गत स्नातक तहको चौथौ वर्षमा शिक्षण अभ्यास सम्बन्धी कार्यलाई व्यवस्थित, पारदर्शी, मर्यादित र प्रभावकारी बनाउनका लागि शिक्षण अभ्यास पाठ्यांश ( एड. ४४०) को तर्जुमा गरिएको छ । त्रि वि द्वारा २०७२ सालबाट परिवर्तन गरिएको स्नातक तहको पाठ्यक्रम अनुसार नै बि. एड चौथो वर्षको शिक्षण अभ्यास पाठ्यांशको पनि परिष्कार र परिमार्जन गरिएको छ । शिक्षण अभ्यास एक प्रयोगात्मक पाठ्यांश हो । यसमा अरू विषयमा जस्तै चौथो वर्षको अवधिभर विषयगत रूपमा शिक्षण गर्नका लागि १५० घण्टी छुट्याइएको छ । यस पाठ्यांशमा मूलतः नौ ओटा पक्षहरू : सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, कक्षा शिक्षण, सहपाठी अवलोकन, पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण, प्रश्न निर्माण एवं विश्लेषण, विद्यालय अध्ययन प्रतिवेदन, कार्यमूलक अनुसन्धान र समग्र प्रतिवेदन रहेका छन् । उपर्युक्त पक्षहरू मध्ये यस अध्ययनमा सूक्ष्म शिक्षणका बारेमा मात्र चर्चा गरिएको छ। यसका लागि जम्मा २४ घण्टी समयअवधि निर्धारण गरिएको छ। यस अवधिमा शिक्षार्थीहरूले आफूले सिकेको शिक्षा सम्बन्धी सैद्धान्तिक ज्ञानलाई सम्बन्धित विषय शिक्षकहरूको प्रत्येक निगरानीमा आफ्नै सहपाठीहरूलाई २४ दिनसम्म शिक्षणका सम्पूर्ण सीप प्रस्तुत गर्न अभ्यास गरिन्छ । सूक्ष्म शिक्षणलाई शिक्षण अभ्यासको एउटा अभिन्न अङ्गका रूपमा लिन सकिन्छ । यो शिक्षण छोटो समयमा, थोरै विद्यार्थी वा सहपाठी र प्रशिक्षकको उपस्थितिमा सञ्चालन गरिन्छ । यसमा निर्दिष्ट सीप विकास गर्ने अपेक्षा गरिएको हुन्छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशात्र सङ्कायले शिक्षक शिक्षा अन्तरगत मूलतः स्नातक र स्नातकोत्तर तहका उपाधिमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यी कार्यक्रमहरूमा शिक्षण अभ्यासलाई अनिवार्य र आधारभूत प्रायोगिक पाठ्यांशका रूपमा समाविष्ट गरेको छ । शिक्षण कार्यमा विशिष्टता प्रदान गर्ने उद्देश्यले तयार गरिएको यो कार्यक्रम तहगत रूपमा यसको सञ्चालन तथा व्यवस्थापन प्रक्रियामा भने केही भिन्नता र विविधता रहेको पाइन्छ । शिक्षालाई प्रभावकारी र बढी उत्पादनमूलक बनाउन शिक्षण व्यवस्था प्रभावकारी हुनु पर्दछ । शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन शिक्षकहरूमा खासखास सीप, दक्षता विकास गर्नै पर्छ ।

## विधि तथा सामग्री

यस लेखका लागि तथ्याङ्क सङ्कलन लिखित दस्तावेजबाट यादृच्छिक छनोट विधिअनुसार छनोट गरिएको छ । उद्देश्यमूलक नमुना छनोट विधि अवलम्बन गरी सूक्ष्म शिक्षणको परिचय, सूक्ष्म शिक्षणको आवश्यकता, विशेषता र चरणहरू सम्बन्धी प्रकाशित, अप्रकाशित सामग्रीहरूको खोजी तथा सङ्कलन गरी अध्ययन गरिएको छ । उल्लिखित शीर्षकमा आधारित चारओटा उद्देश्यहरू (सूक्ष्म शिक्षणको परिचय दिनु, आवश्यकता उल्लेख गर्नु, विशेषता उल्लेख गर्नु र चरणहरू उल्लेख गर्नु) मा केन्द्रित रही प्राप्त सामग्रीलाई वर्णनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ । अतः यस अध्ययनका लागि सामग्री सङ्कलनको स्रोत द्वितीयक, सङ्कलन प्रक्रिया पुस्तकालयीय पद्धति र विश्लेषण चाहिँ वर्णनात्मक विधि हो । यस लेखमा खास गरी स्नातक तहको नेपाली शिक्षा विषय अन्तर्गत शिक्षण अभ्यास पाठ्यक्रमको सूक्ष्म शिक्षणलाई मात्र केन्द्र बनाई अध्ययन गरिएको छ । यस लेखको तयारीको लागि अध्येताको निजी अनुभव र दृष्टिकोणलाई समेत आधार बनाइएको छ । कक्षा छलफल, शिक्षण अनुभव र शिक्षण अवलोकनबाट प्राप्त प्रयोगात्मक ज्ञानलाई पनि समावेश गरिएको छ । यो गुणात्मक अनुसन्धान

भएकाले उद्देश्यमूलक नमुना छनोट विधिद्वारा लिखित सामग्रीहरूको मात्र सङ्कलन, अध्ययन र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## परिणाम र छलफल

### सूक्ष्म शिक्षणको परिचय

थोरै विद्यार्थी, छोटो समय, कम उद्देश्य राखी निर्दिष्ट सीप विकास गर्ने अपेक्षा अनुरूप गरिएको शिक्षणलाई सूक्ष्म शिक्षण भनिन्छ । सबै कुरा छोट्याएर सानो, थोरै र लघु आकारको बनाइएकोले यसलाई लघु शिक्षण पनि भनिन्छ । सङ्क्षिप्त भए पनि शैक्षणिक तत्त्वले पूर्ण भएको सानो आकारको शिक्षण नै सूक्ष्म शिक्षण हो । शिक्षण अभ्यासलाई शिक्षण शिक्षा वा प्रशिक्षण कार्यक्रमको मुटुकै रूपमा मानिन्छ भने स्वस्थ्य मुटु बनाउने तरिका चाहिँ सूक्ष्म शिक्षण हो । सूक्ष्म शिक्षण कुनै विषयवस्तु शिक्षण गर्ने माध्यम नभई शिक्षण सीपमा दक्षता हाँशिल गर्ने प्रक्रियाका रूपमा स्थापित भएको एउटा युक्ति हो । यस युक्तिबाट प्राप्त हुन आएका सीपहरू भावी शिक्षणमा प्रयुक्त हुन्छन् । सूक्ष्म शिक्षणमा शिक्षणका जटिल व्यवहारहरूलाई स-साना भागमा विभाजन गरेर प्रत्येक सीपमा विशिष्टता गराइन्छ । अतः सूक्ष्म शिक्षण एउटा अवसर हो, जहाँ शिक्षण सिकाइमा पर्याप्त अभ्यासहरू सम्पन्न गरी शिक्षणलाई प्रभावकारी बनाइन्छ । यसलाई शिक्षण अभ्यासको अभिन्न अङ्गका रूपमा लिइन्छ । सूक्ष्म शिक्षणलाई शिक्षण कार्य कुशलतापूर्वक सम्पादन गर्ने तथा ज्ञान र सीपको विकास गर्ने प्रक्रियाको रूपमा लिइन्छ (भण्डारी, २०५३ :१०) ।

छोटो समयावधिमा निश्चित सहभागीहरूको संलगतामा निर्धारित शिक्षण सीपमा प्रशिक्षार्थीहरूलाई दक्षता हाँसिल गराइने प्रक्रियालाई नै सूक्ष्म शिक्षण भनिन्छ । प्रभावकारी शिक्षण कार्यका लागि शिक्षकमा शिक्षण सीपको विकास गराउने यो एक नयाँ प्रकारको शिक्षण प्रविधि हो (ढकाल, २०६८ : १२३) । सूक्ष्म शिक्षणको सुरुवात सर्वप्रथम अमेरिकाबाट भएको हो । सन् १९६१ मा प्राध्यापक डि. डब्लु. एलेन र अन्य मिलेर स्ट्यान्डफोर्ड युनिभर्सिटीमा सीपयुक्त शिक्षक तयार पार्न गरिएको प्रयोगबाट सूक्ष्म शिक्षणको सुरुवात भएको हो (ढकाल,२०६८ : १२३) । सूक्ष्म शिक्षणका सम्पूर्ण गतिविधि श्रव्यदृश्य सामग्रीद्वारा रेकर्ड गरिन्छ र त्यस रेकर्डलाई प्रशिक्षार्थीसमक्ष प्रस्तुत गरी त्यसका सबल र दूर्बल पक्षहरूबारे पृष्ठपोषणको अवसर प्राप्त गराइन्छ । रेकर्ड गर्ने सामग्री नभएमा निरीक्षकबाट पनि यो काम सम्पन्न गरिन्छ । छोटो अवधिको शिक्षक प्रशिक्षण होस् वा उपाधिमूलक शिक्षक प्रशिक्षण होस् शिक्षण अभ्यास एक अनिवार्य पाठ्यक्रम मानिएको छ भने लघु शिक्षण शिक्षण अभ्यासको एक अभिन्न अङ्गका रूपमा विकास भएको पाइन्छ । यो शिक्षण छोटो समयमा थोरै प्रशिक्षार्थीको उपस्थितिमा सञ्चालन गरिन्छ । सूक्ष्म शिक्षणमा शिक्षणका जटिल व्यवहारलाई छोट्याई वा टुकाटुका पारेर प्रत्येक सीपमा विशिष्टता प्राप्त गराइन्छ जसमा भूमिका निर्वाह शिक्षण कार्य गरिन्छ (ढकाल, २०६८ : १२३) ।

शिक्षण अभ्यासको उद्देश्य शिक्षण कार्यमा दक्ष र निपुण जनशक्तिको उत्पादन गर्नु हो । यस्तो कार्यक्रममा संलग्न हुनुभन्दा अगाडि प्रशिक्षार्थीलाई शिक्षणसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक पक्षबारे अभ्यास गराउन सूक्ष्म शिक्षण बढी उपयोगी मानिन्छ । व्यावहारिक सीप र आत्मबलको समेत विकास हुन्छ । जसलाई प्रशिक्षार्थीले कक्षा कोठामा सहज रूपमा प्रयोग गर्न सक्छ ।

### सूक्ष्म शिक्षणका स्वभाव/लक्षण (परिभाषाहरू)

कक्षाको आकार र समय घटाई गरिने शिक्षण कार्य नै सूक्ष्म शिक्षण कार्य हो ।

**- ड्विट एलेन**

आफ्नो प्रयासको उपलब्धि पाठ पूरा गर्नसाथ पाउने गरी तयार गरिएको शिक्षक तालिमको कार्यलाई सूक्ष्म शिक्षण भनिन्छ ।

**- एल. सी. सिंह**

नियन्त्रित अवस्थाको शिक्षण अभ्यास पद्धति जसले विशिष्ट व्यवहार प्राप्तिमा केन्द्रित योजनाबद्ध शिक्षण गराउदछ त्यसलाई सूक्ष्म शिक्षण भनिन्छ ।

**- एलेन एण्ड इभ**

सूक्ष्म शिक्षण भनेको अनुभवहीन र अनुभवी शिक्षकहरू मिलेर शिक्षणको सुधारका निम्ति नयाँ अवसर प्रदान गर्ने प्रविधि हो ।

**- ड्याभिड बी. योङ**

स-साना सिकारू समूहका निम्ति पाँचदेखि दस मिनेट समय लाग्ने गरी सावधानीपूर्ण रूपबाट शिक्षणका सीपहरू स्पष्ट परिभाषित गरिएको र भिडियो टेपबाट नतिजासमेत अवलोकन गर्न सकिने शिक्षक शिक्षण प्रविधिलाई सूक्ष्मशिक्षण भनिन्छ ।

**- रोबर्ट.बुस**

शिक्षणको समय, कक्षाको आकार, शिक्षण अभ्यासको अवधि घटाएर कक्षा शिक्षणका अवस्थाहरू पूर्ण नियन्त्रण गरी सरल रूपबाट शिक्षणका विशिष्ट सीपहरू प्राप्त गर्ने तालिम प्रक्रिया सूक्ष्म शिक्षण हो ।

**- जे. सी.क्लिफ्ट र अन्य**

सीमित कक्षा आकार र समयका लागि योजनाबद्ध गरिएको, छोट्याइएको (खण्डित गरिएको) शिक्षणको नमुना सूक्ष्म शिक्षण हो ।

**- मोडोनोल्ड (शर्मा, २०६४ :८५)**

उपर्युक्त परिभाषाहरूलाई अध्ययन गरी हेर्दा निष्कर्षतः सूक्ष्म शिक्षणको परिभाषा यस्तो हुन सक्छ : छोटो समयमा सहपाठी तथा प्रशिक्षकको उपस्थितिमा निर्दिष्ट शिक्षण सीपमा प्रशिक्षार्थीलाई दक्षता हाँसिल गराउने उद्देश्यले सञ्चालन गरिएको शिक्षण प्रविधि विशेषलाई सूक्ष्म शिक्षण भनिन्छ । शिक्षण एक पेसागत कार्य हो । शिक्षणका विभिन्न सीपहरू हुन्छन् जसलाई परिभाषित गर्न, अवलोकन गर्न, नियन्त्रण गर्न र मापन गर्न समेत सकिन्छ । तर यसका लागि शिक्षकमा अभ्यासको आवश्यकता पर्दछ । अतः थोरै समयमा, सानो समूहमा, निर्देशित उद्देश्यहरू प्राप्ति गर्न शिक्षण सम्बन्धी सम्पूर्ण कार्यहरूको अभ्यास गराउने शिक्षणलाई अभ्यास शिक्षण भनिन्छ । सूक्ष्म शिक्षण छोट्याइएको वा खण्डित गरिएको एक प्रकारको शिक्षणको नमुना हो । शिक्षणका जटिल कार्यहरूलाई सरल अङ्गहरूमा विभाजन गर्नु यस शिक्षणको उद्देश्य हो (शर्मा एण्ड शर्मा, २०७३ : ११७) ।

## सूक्ष्मशिक्षणका आधारभूत सिद्धान्त/विशेषताहरू/गुणहरू

सूक्ष्म शिक्षण शिक्षक प्रशिक्षणको क्षेत्रमा एउटा नयाँ प्रयोग हो । रोबर्ट मेगरका अनुसार सूक्ष्म शिक्षण भनेको बढी सुरक्षित स्थानमा गाडी चलाउने अभ्यास गर्नु जस्तै हो (शर्मा, २०६४ : ८५) । एउटा चालकले सुरुमै व्यस्त सडकमा गाडी हाँक्न सक्दैन । सुरक्षित ठाउँमा सीप सिकेर मात्र व्यस्त सडकमा हाँक्न सक्छ । एउटा नयाँ शिक्षकले पनि एक्कासी कक्षामा प्रवेश गरेर शिक्षण कार्य सञ्चालन गर्न सक्दैन । त्यसका लागि प्रशिक्षार्थी शिक्षकले सूक्ष्म शिक्षणका अभ्यासद्वारा शिक्षण सम्बन्धी आवश्यक सीपहरूमा कुशलता प्राप्त गर्नु पर्ने हुन्छ । तत् पश्चात् मात्र ऊ कुशल, निडर, आत्मविश्वासिलो बनेर कक्षा शिक्षणमा सफलता हाँसिल गर्न सक्छ । शिक्षणका

सन्दर्भमा यसको महत्त्व अत्याधिक छ । सूक्ष्म शिक्षणका आधारभूत सिद्धान्तहरू प्रतिपादन भएका छन् । जसलाई प्रशिक्षक र प्रशिक्षार्थी दुवैले पालना गर्नु पर्दछ ।

## यथार्थ शिक्षण

सूक्ष्म शिक्षण एक वास्तविक शिक्षण पद्धति हो । यो व्यावहारिक शिक्षण पनि हो । कक्षा शिक्षण सम्पूर्ण हो भने सूक्ष्म शिक्षण त्यस सम्पूर्णताको एक अभिन्न अङ्ग मात्र हो । शिक्षणलाई चाहिने सीप सूक्ष्म शिक्षणबाटै उपलब्ध गराइन्छ । ती सीपहरूलाई पूर्व-शिक्षण, शिक्षण र शिक्षण कार्य पछिका सीपहरू भनेर वर्गीकरण गरिन्छ । जुन सीपहरू शिक्षकका लागि अति आवश्यक पर्दछ । यस प्रकारका शिक्षणमा हुनु पर्ने वास्तविक सीपहरू सूक्ष्म शिक्षणभित्र हुने हुनाले सूक्ष्म शिक्षणलाई वास्तविक शिक्षण भन्ने गरिन्छ । यसमा पाठ्यवस्तुको व्यापकतालाई भन्दा विशिष्ट सीप र कलाको विकासमा जोड दिन्छ ।

## छोट्याइएको शिक्षण

सूक्ष्म शिक्षण एउटा पूर्ण कक्षा शिक्षणलाई छोट्याएर वा टुक्र्याएर गरिने लघु आकारको शिक्षण हो । यसका लागि सम्बन्धित सम्पूर्ण शैक्षणिक पक्षलाई छोट्याई अभ्यास गरिन्छ; जस्तै : १० देखि १५ मिनेट, सहपाठी सङ्ख्या ५ देखि १० जना, एउटा उद्देश्य, सो पूरा गर्ने छोटो शिक्षण कार्यकलाप, सीमित शिक्षण सामग्री, छोटो मूल्याङ्कन र गृहकार्य समावेश गरिन्छ । छनोट गरिएको सीपमा भने बढी जोड दिई सीप विकासमा विशिष्ट तहसम्म पुऱ्याइन्छ (ढकाल, २०६८ : १२४) ।

## शिक्षण जटिलताको सामान्यीकरण

शिक्षण कार्य एक जटिल र चुनौतिपूर्ण कार्य हो । एउटा कक्षा शिक्षणका लागि धेरै प्रकारका शिक्षण सीपको आवश्यकता पर्दछ; जस्तै : पाठको प्रस्तुति, प्रश्न सोध्ने तरिका, सेतो पाटीको प्रयोग, शिक्षण सामग्रीको उपयुक्त प्रयोग, पाठको मूल्याङ्कन, उपयुक्त उदाहरण, कक्षा व्यवस्थापन, आकर्षक लेखन आदि । सूक्ष्म शिक्षणले यस प्रकारका प्रत्येक शिक्षण सीपको पहिचान गरी, त्यसलाई टुक्राटुक्रा गरी प्रत्येक सीपको अभ्यासमा सिपालु बनाइन्छ । जसबाट कक्षा शिक्षणलाई सामान्यीकरण गर्ने अवसर प्राप्त हुन्छ ।

## तुरुन्त पृष्ठपोषण

सूक्ष्म शिक्षणमा शिक्षार्थीको (तालिमे) अभ्यासमा देखापरेका आवश्यक कमीकमजोरीहरू हटाउन प्रशिक्षकले (सुपरिवेक्षक) प्रदान गरेका सुझावहरूलाई पृष्ठपोषण भनिन्छ । यस्ता पृष्ठपोषण मौखिक वा लिखित दुवै प्रकारका हुन सक्छन् (शर्मा एण्ड शर्मा, २०६३ : ११९) । सूक्ष्म शिक्षणमा पृष्ठपोषणलाई बढी महत्त्व दिएको छ । सहपाठी एवं प्रशिक्षकद्वारा प्रशिक्षार्थीले तुरुन्तै पृष्ठपोषण प्राप्त गरी शिक्षणमा सुधार गर्ने मौका प्राप्त गर्दछ । एउटा सूक्ष्म शिक्षण चक्रमा दुई पटक सुधारका लागि सल्लाह सुझाव प्रदान गरिन्छ । पृष्ठपोषणलाई बारम्बार प्रयोग गरी सीप विकास गराइन्छ । पृष्ठपोषणको प्रयोग र प्रभावकारिता अति उत्तम रहेको पाइन्छ ।

## भूमिका निर्वाह शिक्षण

सूक्ष्म शिक्षणलाई विद्यालय शिक्षणमा प्रयोग गर्न कठिन हुन्छ । तसर्थ आफ्ना सहपाठीहरूको संलग्नतामा विद्यार्थी र शिक्षकको भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । यसरी भूमिका निर्वाहद्वारा विकास गरिएको सीपलाई कक्षा शिक्षणमा प्रयोग गरिन्छ ।

## वैयक्तिक शिक्षण

सूक्ष्म शिक्षण पूर्णतया व्यक्तिगत शिक्षण(प्रशिक्षण) कार्यक्रम हो । यस पद्धतिमा शिक्षण गर्ने व्यक्तिले व्यक्तिगत रूपमा विभिन्न शिक्षण सीपमा विशिष्टता प्राप्त गर्दछ । शिक्षण गर्ने व्यक्तिकै हित र सीप विकासको केन्द्रीयतामा कार्यक्रम सम्पन्न गरिने हुनाले प्रत्यक्ष फाइदा उसैलाई हुने हो । अन्य शिक्षार्थीलाई अप्रत्यक्ष रूपमा आंशिक मात्र लाभ पुग्ने देखिन्छ । तसर्थ यो शिक्षण व्यक्तिमुखी मानिन्छ ।

## सीपमुखी शिक्षण

सूक्ष्म शिक्षण मुख्य रूपले विभिन्न सीपहरूसँग केन्द्रित हुन्छ । ती सीपहरूको कुरा माथि तेस्रो बुँदामा उल्लेख गरिएको छ । सूक्ष्म शिक्षणका क्रममा तिनै विभिन्न शिक्षण सीपमा बारम्बार अभ्यास गराई सिपालु बनाइन्छ । शिक्षण सीपलाई बढवा दिएर विशिष्ट तहसम्म पुऱ्याइन्छ । यसमा विषयलाई भने कम प्राथमिकता दिएर गौण बनाइएको हुन्छ । अतः सूक्ष्म शिक्षण भनेको माछा मारेर ल्याइदिने होइन माछा मार्ने कला सिकाउने हो । जस्तै : जाल हान्ने, बल्छी थाप्ने, दुवाली फर्काउने, पासो थाप्ने आदि । जे होस् सूक्ष्म शिक्षणद्वारा पूर्व सेवाकालीन र सेवाकालीन शिक्षकहरूलाई तालिम दिएर सीपयुक्त जनशक्ति उत्पादन गरिन्छ ।

## उपचारात्मक शिक्षण

सूक्ष्म शिक्षण एक किसिमको उपचारात्मक शिक्षण प्रक्रिया हो । यसमा शिक्षार्थीमा कुन सीपको कमी छ, कहाँ, के कस्तो समस्या छ त्यसको पहिचान गरी समस्या समाधानार्थ उचित सल्लाह सुझाव, परामर्श दिइन्छ । तरुन्त मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गरिन्छ । अनि प्रशिक्षार्थीको सीपमा सबलीकरण गरिन्छ । यसमा शिक्षण सीपहरूलाई विस्तृत रूपमा लेखाजोखा गरी वास्तविक व्यवहारमा उतार्ने प्रयास गरिन्छ ।

## नियन्त्रित शिक्षण

सूक्ष्म शिक्षणमा अभ्यासलाई नियन्त्रित गरिन्छ । अभ्यासलाई निश्चित सीमाभित्र राखिन्छ । यस्तो शिक्षणमा नियन्त्रित वातावरण हुनेहुँदा यसलाई नियन्त्रित शिक्षण भनिएको हो ।

## प्रभावकारी शिक्षण

विभाजित अङ्गहरू र नियन्त्रित वातावरणबाट प्रशिक्षार्थीका व्यवहारहरूमा परिवर्तन गराउन सकिने रविद्यार्थीलाई बुझाउन सकिने हुनाले सूक्ष्म शिक्षण प्रभावकारी हुन्छ (शर्मा एण्ड शर्मा, २०६३ : ११९) ।

## शिक्षण नमुनाका निर्माण

सूक्ष्म शिक्षण गर्नुभन्दा अगाडि प्रशिक्षकले प्रत्यक्ष रूपमा वा टेपरेकर्ड, भिडियो, टि भी, कम्प्युटर आदिबाट शिक्षणको नमुना प्रदर्शन गर्दछन् । यो आदर्श नमुना शिक्षणको रूपमा रहन्छ । यस्तो शिक्षणलाई शिक्षण अभ्यासमा कार्यरत शिक्षार्थीहरूले दुरुस्त अनुकरण तथा अनुसरण गर्छन् । यसरी नक्कल गर्नु भनेको शिक्षण नमुनाको निर्माण गर्नु हो । यस्तो नमुनाको प्रयोग गर्दै शिक्षार्थीले आफ्नो प्रतिभाको सहायताले आफ्नै नयाँ तरिका वा मौलिक नमुनाको निर्माण पनि गर्न सक्छन् ।

## सूक्ष्म शिक्षणका चरणहरू (कार्य-विधि)

सूक्ष्म शिक्षण कसरी गरिन्छ वा यसको शिक्षणमा कुन कुन कार्यविधि अपनाइन्छ भन्नुलाई यसका चरणहरू भनिएको हो । सूक्ष्म शिक्षण योजनाबद्ध तथा व्यवस्थित प्रक्रिया हो । यसमा के पछि के गर्ने भन्ने सुनिस्चित प्रक्रिया छ । चरणबद्ध रूपमा शिक्षण गरेमा मात्र यसको सार्थकता रहन्छ ।

१. **सीपको परिचय दिने (सीप परिभाषित गर्ने) :** सर्वप्रथम प्रशिक्षकले प्रशिक्षार्थीलाई सिक्नु पर्ने, विकास गर्नु पर्ने विशेष सीपका बारेमा छलफल गर्नु पर्छ, त्यसको विस्तृत जानकारी गराउनु पर्छ । विभिन्न शिक्षण सीपको जानकारी गराई विशेष शिक्षणीय सीपको धारणाको विकास गराउनु पर्छ । जस्तै : सेतो पाटीको प्रयोग गर्ने सीप, प्रश्न सोध्ने सीप, विशिष्ट उद्देश्य निर्माणको सीप आदि । यस्ता सीपमा परिचित गराए पछि प्रशिक्षार्थीहरूलाई सीप क्षेत्रको पहिचान र छनोट गर्न सक्ने बनाउनु पर्दछ । ताकि उनीहरूले विशिष्ट उद्देश्यका रूपमा सीप छनोट गरी त्यही उद्देश्य प्राप्त गर्ने कार्यहरू गर्न सक्षम हुन् । कुनै विशेष सीपको प्रयोग कसरी गर्ने, कस्तो प्रक्रिया उपयुक्त हुने, के भएमा गल्ती हुने आदि जस्ता विषयमा छलफल गरी सीपको सैद्धान्तिक जानकारी गराउनु पर्दछ ।

२. **सीपको प्रदर्शन :** शिक्षणीय सीपको परिचयात्मक जानकारी पश्चात् त्यसलाई प्रदर्शन पनि गर्नु पर्दछ । यो दोस्रो चरणमा सीप विशेषज्ञ वा प्रशिक्षकद्वारा नमुनाको रूपमा सीपको प्रदर्शन गरिन्छ । यसरी प्रदर्शन गर्दा प्रशिक्षक आफैले वा टेप रेकर्ड, टि भी, कम्प्युटर, प्रोजेक्टर आदिको माध्यमबाट गरिन्छ । सीप प्रदर्शन गर्दा सामान्य वस्तु वा बोलचित्रबाट पनि गर्न सकिन्छ । यसैलाई ध्यानपूर्वक अवलोकन गरेर प्रशिक्षार्थीले सीप प्रंदर्शनको अवधारणा निर्माण गर्दछ ।

३. **पाठयोजना निर्माण गर्ने :** तेस्रो चरणमा प्रशिक्षार्थीले आफूले छनोट गरेको विशेष सीपलाई आधार मानी छोटो पाठयोजना तयार गर्नु पर्दछ । यो तयार गर्दा प्रशिक्षकको सहयोग लिनु पर्दछ । सूक्ष्म शिक्षणका क्रममा पाठयोजनाको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठयोजना एउटा मात्र उद्देश्य राखेर १०-१५ मिनेट शिक्षण सीप प्रदर्शनको निमित्त तयार गरिन्छ । पाठयोजनाका अन्य तत्त्वहरू जस्तै : शिक्षण सामग्री, कार्यकलाप, मूल्याङ्कन, गृहकार्य पाठको उद्देश्य एवं शिक्षण सीपसँग तालमेल हुने किसिमले निर्धारण गर्नु पर्दछ ।

४. **सूक्ष्म पाठ शिक्षण :** प्रशिक्षार्थीले तयार पारेको पाठयोजना अनुसार सानो समूहमा शिक्षण गर्नु पर्दछ । शिक्षणको क्रममा निरीक्षक वा प्रशिक्षकले योजना अनुसार प्रयोग भए नभएको अवलोकन गर्छन् । शिक्षण कार्यलाई विद्युतीय सामग्रीद्वारा रेकर्ड पनि गरिन्छ । पाठ शिक्षण क्रमिक तथा शृङ्खलाबद्ध रूपमा गर्नु पर्दछ । पूर्व पाठमा आधारित, उत्प्रेरणा जगाउने, कार्यकलाप, शिक्षण सामग्रीको प्रयोग, मूल्याङ्कन आदि जस्ता पक्षहरूको उचित प्रयोग गरी पाठयोजना अनुरूप शिक्षण गर्नु पर्दछ । उद्देश्य अनुरूप छनोट गरिएको सीपलाई केन्द्रबिन्दु बनाई शिक्षण गर्नुपर्छ ।


५. **छलफल र पृष्ठपोषण :** प्रशिक्षार्थीले शिक्षणका क्रममा गरेको पाठको प्रस्तुतीकरणका बारेमा व्यापक छलफल गर्नु पर्दछ । शिक्षक विद्यार्थीका बिचमा त्यस पाठको प्रस्तुतिका सकरात्मक नकरात्मक पक्षहरूका बारेमा घनीभूत छलफल गरिन्छ । त्यसपछि त्यहाँ भए गरेका कमीकमजोरीहरूलाई औँल्याइ सुधारको लागि सुझाब दिइन्छ । प्रशिक्षक र सहपाठी मिलेर प्रस्तोतालाई आवश्यक पृष्ठपोषण प्रदान गरिन्छ । यसरी प्रशिक्षार्थीलाई दिएको पृष्ठपोषणले आफ्ना कमजोरीहरूलाई न्यूनीकरण गर्दै निराकरणतर्फ लान्छ । शिक्षणलाई विशुद्ध र सशक्त बनाउदै सीपमा विशिष्टता प्राप्त गर्नु पर्दछ ।

६. **पुनः योजना निर्माण :** अघिल्लो पाठयोजनामा सुधार गर्ने अवस्था सिर्जना भए पछि पुनः अर्को योजना बनाउने कार्य हुन्छ । पुनः पाठयोजना बनाउदा शिक्षण अनुभव र सहपाठी तथा प्रशिक्षकले दिएका सल्लाह सुझाब अनुसार पहिलेका कमजोरी हटाई सुधारेर बनाउने प्रयास गरिन्छ ।

७. **पुनः शिक्षण :** पाठयोजना पुनः निर्माण पश्चात् प्रशिक्षार्थीले पुनः पाठलाई पहिलाकै अनुसार सोही सीप विकास गर्ने गरी शिक्षण गर्नु पर्दछ । यसरी पुनः शिक्षण गर्दा पहिलेकै समूहमा वा त्यस्तै अर्को समूहमा पनि गर्न सकिन्छ । यसमा पहिले शिक्षण गर्दा देखिएको भूल एवं त्रुटिलाई परिमार्जन गर्दै जानु पर्छ अनि मात्र सीप विकासमा सहयोग पुग्न सक्छ ।

८. **पुनः छलफल र पृष्ठपोषण :** प्रशिक्षार्थीमा देखा परेका कमीकमजोरीहरूमा आवश्यक सुझावहरू दिन आवश्यक परेमा पुनः छलफल आयोजना गरिन्छ । त्यस पछि प्रशिक्षकले दिएको सल्लाह सुझाब र परामर्शले शिक्षणमा देखा परेका कसरमसर हटाई शिक्षण सीपमा निखरता आउछ । तसर्थ पुनः पाठयोजना निर्माण, त्यसको शिक्षण पश्चात् पनि आवश्यक मात्रमा प्रशिक्षार्थीलाई पृष्ठपोषण दिनु पर्दछ । यसरी विविध विषय वा शीर्षकमा प्रशिक्षार्थीलाई अभ्यस्त गराईसकेपछि उसमा सीपको स्थानान्तरण गराइन्छ ।

यसरी सूक्ष्म शिक्षणको चक्र पूरा गरिन्छ । तर यो चक्र आवश्यकता अनुसार दोहोऱ्याइरहनु पर्दछ । जबसम्म प्रशिक्षार्थीमा चाहेको व्यवहार निर्माण हुँदैन, सीपको स्थानान्तरण हुँदैन तबसम्म यो चक्र दोहोऱ्याइरहनु पर्छ । अतः प्रशिक्षार्थीले छनोट गरेको शिक्षण सीपमा विशिष्ट तहसम्म दक्षता हाँसिल नगरेसम्म सूक्ष्म शिक्षण चक्र अनुसार शिक्षण गर्दै जानु पर्छ । सूक्ष्म शिक्षण चक्रलाई रेखात्मक चित्रद्वारा निम्नानुसार देखाइन्छ ।




सूक्ष्म शिक्षणलाई प्रभावकारी शिक्षक तयार गर्ने एउटा महत्त्वपूर्ण माध्यम मानिन्छ । यो कुनै तहगत कक्षा विशेषमा गरिने शिक्षण नभई प्रशिक्षार्थी र प्रशिक्षकले आपसमा विभिन्न सीपहरूको प्रयोग गरी शिक्षण कलामा सिपालु हुने शिक्षण हो (शर्मा, २०६४ : ८८) ।

## सूक्ष्म शिक्षणका महत्त्व (फाइदा)

सूक्ष्म शिक्षणलाई सफल शिक्षणका लागि नवप्रवर्तक गरिएको प्रविधिका रूपमा लिइन्छ । यसलाई तालिमको एउटा प्याकेजका रूपमा पनि लिइएको पाइन्छ । यसले शिक्षकलाई पूर्व सेवाकालीन र सेवाकालीन तालिम दिई पेसागत सीपमा दक्ष बनाउन सहयोग पुऱ्याउदछ (अधिकारी र रिमाल,२०६२ :२३) । सूक्ष्म शिक्षण कक्षा शिक्षणको जटिलतालाई हटाई सरल शिक्षणको प्रभावकारी र भरपर्दो माध्यम बन्न सफल भएको छ । सैद्धान्तिक र व्यावहारिक दुवै पक्षलाई सही किसिमले प्रयोग गर्दा यसका फइदा धेरै छन् । जसलाई निम्नानुसार बुँदामा उल्लेख गरिन्छ ।

लघु शिक्षणबाट प्रशिक्षार्थीहरूमा आफ्ना शिक्षण दुर्बलता हटाउन, पेसागत दक्षता बढाउन, प्रभावकारी शिक्षण प्रक्रिया र सीपहरू आदानप्रदान गर्न, शिक्षण क्षेत्रमा नवप्रवेशीहरूलाई शिक्षण प्रक्रियाको ज्ञान, सीप र अनुभव दिलाउन, मनोबल उच्च राख्न, सिर्जनशील र क्रियाशील बन्न, शिक्षण कला र सीपमा सुधार ल्याउन, भावी दक्ष शिक्षक बन्ने प्रेरणा प्रदान गर्न निकै ठूलो सहयोग मिल्छ । शिक्षण र यससँग सम्बन्धित योजना निर्माण, विशिष्ट उद्देश्य निर्माण, शिक्षण विधि र प्रक्रिया चयन, शिक्षण सामग्री निर्माण, छनोट र प्रयोग प्रविधिको ज्ञान र मूल्याङ्कन प्रक्रिया समेतको उपयुक्त प्रयोग अवस्थामा सूक्ष्म शिक्षणले प्रत्यक्ष र महत्त्वपूर्ण अनुभव प्रदान गर्छ । कोरा प्रशिक्षार्थीका रूपमा वास्तविक शिक्षणमा प्रवेश गर्नुभन्दा सूक्ष्म शिक्षण अभ्यासले प्रशिक्षित प्रशिक्षार्थीका रूपमा प्रवेश गरी शिक्षण गर्नु बढी प्रभावकारी हुन्छ ।

- शिक्षणका सबै सीपहरू समावेश हुने भएकाले सूक्ष्म शिक्षणबाट वास्तविक शिक्षण हुने,
- पाठ्यवस्तुको व्यापकतामा भन्दा विशिष्ट सीप र कलाको विकासमा जोड दिने,
- तालिम प्राप्त र वास्तविक शिक्षकहरू उत्पादन हुने,
- पूर्ण नियन्त्रित वातावरणमा अभ्यास गरिने,
- सीपयुक्त जनशक्ति तयार गर्न सहयोग पुग्ने,
- सहपाठी तथा प्रशिक्षकका पृष्ठपोषणले शिक्षणमा अपेक्षाकृत सुधार हुने,
- शिक्षणका सीपलाई सरलीकृत गरी शिक्षण गराइने हुँदा शिक्षण सिकाइ कार्यकलाप सरल, सहज र प्रभावकारी हुने,
- सीपको तुरुन्त पृष्ठपोषण र मूल्याङ्कन हुने,
- महत्त्ववपूर्ण शिक्षण सीपहरूको विकासमा सहयोग गर्ने,
- सुरक्षित अभ्यासको आधार प्रदान गर्ने,
- प्रशिक्षार्थीलाई व्यक्तिगत रूपमा तालिम दिने,
- शिक्षण व्यवहार परिवर्तनमा प्रभावकारिता आउने,
- प्रशिक्षार्थीलाई शिक्षण अभ्यासमा समावेश हुँदा आइपर्ने समस्याहरू समाधान गर्न मद्दत मिल्ने,
- कम समयमा खास सीपको विकास हुने हुँदा मितव्यी हुने ।

## सूक्ष्म शिक्षणको सीमा (बेफाइदा)

कुनै पनि विधि, प्रविधि र सिद्धान्तको कमीकमजोरी वा त्रुटिलाई सीमा भनिन्छ । यसलाई बेफाइदा वा दुर्बल पक्ष पनि भनिन्छ । सूक्ष्म शिक्षण शिक्षणका क्षेत्रमा नवीन प्रविधि हो । प्रविधिको प्रयोग हुन नसक्नुलाई सीमाको रूपमा लिइन्छ । यस प्रविधिले जुन कुराप्रति खासै चासो राख्दैन, मान्दैन त्यसलाई नै सीमाका रूपमा लिन सकिन्छ । के गर्न सक्दैन वा सान्दर्भिक हुँदैन त्यो सीमा हो । सूक्ष्म शिक्षणका सीमाहरूलाई निम्नानुसार बुँदामा उल्लेख गरिन्छ ।

- सूक्ष्म शिक्षणले सीप विकासमा मात्र बढी जोड दिएर विषयवस्तुलाई गौण बनाउने,
- सिकाइका आवश्यक व्यापक सीपहरूमा जोड नदिई विशिष्ट सीपहरूमा मात्र जोड दिने,
- सीमित क्षेत्रमा बाँधिएको हुनाले शिक्षणका सम्पूर्ण प्रक्रियाहरूलाई नसमेट्ने,

- विशेषज्ञ प्रशिक्षक नहुँदा सूक्ष्म शिक्षण प्रभावकारी नहुने,
- यो शिक्षण कार्यको सम्पूर्णता होइन तसर्थ व्यवस्थापन, कार्यन्वयन, समन्वय आदि महत्त्वपूर्ण कुरा नसमेटिने,
- सीमित र नियन्त्रित वातावरणमा हुने हुँदा शिक्षकको सिर्जनात्मक क्षमताको विकास नभई घट्न जाने,
- कक्षा विभाजन र समय तालिका मिलाउन कठिन हुने,
- सूक्ष्म शिक्षणलाई प्रयोगशालामा सञ्चालन गर्न र रेकर्ड राख्न सबैका लागि सम्भव नहुने,
- छोटो समयमा आंशिक विषयवस्तुको मात्र शिक्षण हुने,
- अल्पज्ञता प्रशिक्षक भएमा अस्वस्थ र आलोचनात्मक टिप्पणी हुने,
- वातावरणलाई नियन्त्रित र कृत्रिम बनाउन कठिन हुने आदि ।

## निष्कर्ष

शिक्षण सिकाइ कार्यलाई व्यवस्थित, व्यावहारिक, वैज्ञानिक, प्रभावकारी र अर्थपूर्ण बनाउन सूक्ष्म शिक्षणले महत्त्वपूर्ण कार्य गर्दछ । यसले शिक्षकलाई आफ्नो कार्य क्षेत्रमा सीप र दक्षता देखाउन मद्दत गर्दछ । यो कसरी शिक्षण गर्नेसँग सम्बन्धित छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउन यसले सहयोग पुऱ्याउदछ । सूक्ष्म शिक्षणमा विद्यार्थी सङ्ख्या थोरै हुन्छन् । कक्षाको समयावधि पनि छोटो हुन्छ । उद्देश्यहरूलाई व्यावहारिक रूपमा विशिष्टीकरण गरिएको हुन्छ । शिक्षण सरल, स्पष्ट र रोचक हुन्छ । साथै प्रभावकारी र वैज्ञानिक हुन्छ । यसमा कक्षाकोठाको अन्तरकिया ढाँचालाई वस्तुगत रूपमा अध्ययन गर्न सकिन्छ । यसमा प्रशिक्षार्थीले एक पटकमा एउटा मात्र सीपको अभ्यास गर्दछ । प्रशिक्षकद्वारा तुरुन्तै पृष्ठपोषण दिइन्छ । शिक्षण प्रशिक्षार्थी केन्द्रित हुनाले वैयक्तिक हुन्छ । नियन्त्रित वातावरणमा शिक्षण गरिन्छ । शिक्षण दोहोरो रउत्प्रेरित हुन्छ ।

शिक्षण तथा सिकाइलाई सरल, सहज र प्रभावकारी बनाउन गरिने सूक्ष्म शिक्षणको प्रयासबाट शिक्षकले योजना निर्माण र त्यसको कार्यान्वयनमा पेसागत दक्षता प्राप्त गर्न सकिन्छ । सूक्ष्म शिक्षणलाई चरणबद्ध रूपमा शिक्षण गर्नु पर्दछ । यसका पूर्वाधार निर्माणको चरण र कार्यान्वयनको चरण गरी दुई तह छन् । पहिलो चरणमा सीपको परिचय, अवलोकनको व्यवस्था र नमुना सीप प्रदर्शन पर्दछन् । दोस्रो चरणमा पाठयोजना निर्माण, पाठ शिक्षण, पृष्ठपोषण, पुनर्योजना, पुनर्शिक्षण, पुनर्पृष्ठपोषण पर्दछन् । सूक्ष्म शिक्षणका चरणहरूबाट एकातिर यसको प्रकृति र प्रयोजनसँग परिचित हुने सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ भने अर्कोतिर त्यसका आधारमा निर्माण गरिएको योजनालाई कार्यान्वयनमा लगी पेसागत दक्षतालाई उत्कर्षमा पुऱ्याउन सकिन्छ ।

समग्रमा भन्दा छोटो समयमा धेरै तालिम प्राप्त शिक्षकहरू उत्पादन गर्न अपनाइएको शिक्षक तालिमको नयाँ अवधारणा सूक्ष्म शिक्षण हो । यो शिक्षण सिकाइलाई व्यावहारिक र प्रभावकारी बनाउने एक अनुसन्धानात्मक कार्य हो । तत्कालै प्राप्त पृष्ठपोषणबाट आफ्नो योजनाको पुनर्निर्माण, पुनर्प्रस्तुति गर्न शिक्षकलाई सजिलो हुने र कमजोरीहरू हटाउदै परिष्कृत र व्यावहारिक रूपमा शिक्षण सीपहरू सिक्दै जाने अवसरसमेत प्राप्त हुने हुनाले यस शिक्षणलाई प्रभावकारी शिक्षण मानिन्छ ।

## सन्दर्भसामग्री

अधिकारी, गणेशराज र वासुदेव रिमाल (२०६२). *शिक्षण अभ्यास दिग्दर्शन.* काठमाडौं : वृहस्पति पुस्तक सदन ।

ढकाल, माधवप्रसाद (२०६८). *अभ्यास शिक्षण अवधारणा र अभ्यास.* काठमाडौं : रत्नपुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद (२०५४). *अभ्यास शिक्षण निर्देशिका एवं प्रयोगात्मक पुस्तिका.* श्री ५ को सरकार शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७५). *नेपाली भाषा शिक्षण.* काठमाडौँ : पिनाकल पब्लिकेसन

पौडेल, माधवप्रसाद (२०७६). *नेपाली भाषा शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०५३). *अध्यापन-अभ्यास परिचय.* काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स ।

शर्मा एण्ड शर्मा (२०६३). *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा.* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, कुबेरनाथ (२०६४). *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार.* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

❑